# काठमाडौं महानगरपालिका

## आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

## “साँस्कृतिक शहर, काठमाडौं महानगर”

काठमाडौं महानगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, सर्वप्रथम काठमाडौं महानगरपालिकाको नगर सभाको सातौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

कोभिड-१९ का कारण विश्वभर लाखौं मानिसको ज्यान गइसकेको छ र लाखौं सङ्क्रमित छन् । यस महामारीबाट नेपालमा पनि केही जनताले ज्यान गुमाई सकेका छन्, हजारौंको संख्यामा सङ्क्रमित छन् भने सयौं मानिस निको समेत भइसकेका छन् । यस विश्वव्यापी महामारीबाट सङ्क्रमित भई नेपालभित्र तथा वाहिर जीवन गुमाउनेका शोकाकुल परिवारजनप्रति काठमाडौं महानगरपालिका समवेदना व्यक्त गर्दछ ।

कोभिड-१९ ले मुलुकको अर्थ व्यबस्थामाथि गम्भीर असर पुऱ्याएको छ । यस महामारीबाट काठमाडौं महानगर पनि अछुतो रहन सकेको छैन । उद्योग व्यापार व्यवसाय प्रभावित भएको छ । सबै बिद्यालय शैक्षिक संस्थाहरु बन्द छन् । धेरैको रोजगारी गुमेको छ । बिकास निर्माणका कार्यहरु सोचे अनुरुप अघि बढ्न सकेको छैन । महानगरभित्र बसोबास गर्ने **“कोही पनि व्यक्ति भोको नरहुन्”** भन्ने उद्देश्यले महानगरले वडा कार्यालयहरु मार्फत् आवश्यक राहत सामग्री वितरण गरेको तथा सामुहिक रुपमा खाना खुवाउने कार्यक्रम सञ्चालन गरेको र हाल जीवन निर्वाहको लागि पारिश्रमिक कार्यक्रम समेत सञ्चालन भैरहेको छ ।

कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै नेपाल सरकारले अवलम्वन गरेको रणनीति र निर्णय वमोजिम संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरेर यस रोगको सङ्क्रमण फैलिन नदिन महानगरले अहोरात्र काम गरिरहेको छ । सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथी विजय हासिल गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

यस जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सदस्यहरु, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरसभाका सदस्यहरु, चिकित्सक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, कर्मचारी, नगर प्रहरी तथा सुरक्षाकर्मी, सफाईकर्मी, एम्बुलेन्स चालक, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण महानगरवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस महामारी सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा महानगरवासीले दिएको साथ, सहयोग, अगाध माया र ममताबाट प्रेरित भई मैले काठमाडौं महानगरलाई सफा, सुन्दर, स्वस्थ, सुरक्षित, साँस्कृतिक र जीवन्त सहरका रुपमा अगाडी बढाई विश्वमा महानगरको गौरवलाई उच्च राख्ने गरी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समीक्षा :**

१. काठमाडौं महानगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने क्रमशः ७५ र ८० वर्ष उमेर पुगेका महिला र पुरुष वरिष्ठ ज्येष्ठ नागरिकलाई बार्षिक रु. १२ हजार महानगर बिशेष भत्ता घर-घरमै उपलब्ध गराइएको छ । साथै नेपाल सरकारद्वारा ज्येष्ठ नागरिकलाई उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । काठमाडौं महानगरपालिकाका विभिन्न स्थानहरुमा ज्येष्ठ नागरिक मनोरन्जन तथा सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

२. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र पाँच बर्ष मुनिका बालबालिकाहरुलाई साझा बसमा निःशुल्क यात्रा गर्ने व्यवस्था मिलाईएको छ ।

३. सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गर्ने गरिएको छ । वडा नं. १५ डल्लुस्थित सामुदायिक अस्पतालको स्तरोन्नति कार्य अगाडी बढेको छ । सोही वडामा ज्येष्ठ नागरिकको लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ब्यबस्था मिलाइएको छ ।

४. **"भोकै कोही पर्दैन, भोकले कोही मर्दैन"** भन्ने राष्ट्रिय आकांक्षा अनुरुप काठमाडौं महानगरपालिकालाई सडक आश्रित बेसहारा मानवमुक्त शहर बनाउने महाअभियान अन्तर्गत सडकमा कष्टकर जीवनयापन गरिरहेका सहयोगापेक्षी (मनोरोगी, असहाय, अशक्त) मानवहरुको संरक्षण तथा उद्धार सेवालाई दिगो र संस्थागत बनाउने कार्यको थालनी गरिसकिएको छ । सो कार्यबाट अहिलेसम्म ६७६ जनालाई आश्रय दिईसकिएको छ भने १,२४५ जनालाई पारिवारिक मिलन गराईएको छ ।

५. महानगरबासी मृगौलाका बिरामीलाई डायलसिस सेवा सहज बनाउन नेपाली सेनासँगको सहकार्यमा श्री विरेन्द्र सैनिक अस्पताल छाउनीमा २०७६ माघदेखि सेवाको थालनी गरिएको छ । कान्ति बाल अस्पताल तथा सहिद गंगालाल हृदय केन्द्रमा अक्सिजन प्लान्ट स्थापना गर्नेबारे सम्झौता भई खरिद प्रक्रिया अघि बढेको छ । साथै महानगरपालिकाको सहयोगमा कान्ति बाल अस्पतालमा ब्लड सेपरेशन मेशिन समेत जडान गर्ने कार्य हुन गइरहेको छ ।

६. स्वास्थ्य सेवा (Pre Hospital Care) सहितको अत्याधुनिक प्रविधियूक्त एम्बुलेन्स सेवा सञ्चालन कार्यलाई निरन्तरता दिइएको छ । एम्बुलेन्स सेवाबाट करिब १०,००० विरामीहरुले सेवा प्राप्त गरेका छन् । कोविड १९ बाट प्रभावित ब्यक्तिहरु समेत यो सेवाबाट लाभान्वित भएका छन् ।

७. **"प्राविधिक तथा ब्यावसायिक शिक्षाको बिस्तार, समृद्ध महानगर निर्माणको आधार"** भन्ने आकांक्षालाई कार्यरुप दिन महानगरका ३ वटा सामुदायिक विद्यालयहरुमा ९ देखि १२ कक्षासम्मका विद्यार्थीहरुलाई लक्षित गरी सिभिल ईन्जिनियरिङ्ग विषयको कक्षा सञ्चालन गरिएको छ । यस अन्तर्गत ५१४ जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन् ।

८. यस शैक्षिक सत्रबाट विद्यालयहरुमा स्थानीय पाठ्यक्रम बनाई लागु गर्न कक्षा १ देखि ८ सम्मका लागि पाठ्यक्रम तयार भैसकेको छ। असल नागरिकका लागि नैतिक शिक्षा अभियान अन्तर्गत नेपाल बौद्ध परियति शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

९. कोभिड १९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि हाल रु १० करोडको बजेट व्यवस्था गरी सबै वडा कार्यालय र विभाग मार्फत् आवश्यक सामग्री तथा सेवा (मास्क, हेण्ड स्यानिटाइजर, ग्लोभ, निर्मलीकरण, राहत, खाद्यान्न, प्रचार प्रसार आदि) खरिद गरी बितरण गरिएको छ।

१०. काठमाडौं महानगरपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको कदर गर्दै सेवा सुविधामा बृद्धि गर्नुका साथै क्षमता अभिबृद्धिका तालिमहरु संचालन गरिएका छन्।

११. काठमाडौं महानगरपालिकालाई **मानवीयताको नगर** घोषणा गरी मानव अधिकारको संरक्षण तथा संम्बर्द्धनका कार्यक्रमहरुलाई अघि बढाइएको छ। जस अन्तर्गत नेपाली सेना, मानवसेवा आश्रम, नेपाल एम्बुलेन्स सेवासँगको सहकार्यलाई संस्थागत गरिएको छ।

१२. महानगर क्षेत्रभित्रका ९२ सामुदायिक विद्यालयका खुला स्थानहरुलाई धुलोमुक्त बनाउने, फलफूलको विरुवाहरु रोप्ने, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय निर्माण गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने, खुला क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज) गर्ने, फोहोरमैला राख्ने भाँडोको प्रवन्ध गर्ने, सबै बिद्यालयहरुमा बालमैत्री चित्र र महावाणीहरु लेख्ने एवम् एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन गरिएको छ।

१३. विकास प्रक्रियामा दिगोपना, स्वामित्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकास प्रारुप बमोजिम वडास्तरीय विकास योजना सञ्चालन गर्न वडाहरुलाई जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकास अवस्थाको आधारमा वर्गीकरण गरी रु ४ करोड ५० लाख, ३ करोड र २ करोड २५ लाख रकम निकासा गरी विकास योजनाहरु सञ्चालन गरिएका छन्।

१४. श्रमिक सहकारी मार्फत अनौपचारिक क्षेत्रमा कार्य गर्ने मजदुरहरु आबद्ध भई उत्पादन तथा स्वरोजगार कार्यक्रमको प्रारम्भ भएको छ।

१५. युवा लक्षित स्वरोजगार प्रबर्द्धन गर्न एउटै छानामुनि प्राविधिक सेवा दिने उद्देश्यले K-Hub को स्थापना तथा विस्तार गर्न UNDP सँग सहकार्यको सम्झौता गरी कामको थालनी भईसकेको छ।

१६. काष्ठमण्डप, रानीपोखरी तथा धरहरा पुनःनिर्माण कार्य द्रुतगतिमा अगाडी वढिरहेको छ। रानीपोखरी र काष्ठमण्डपको पुनर्निर्माण कार्य आगामी आर्थिक बर्षभित्र सम्पन्न हुनेछ। दरबार हाइस्कूल भवनको पुनर्निर्माण सम्पन्न भएको छ।

१७. हनुमानढोकादेखि स्वयम्भूसम्मको सम्पदा पदमार्गको विकास, संरक्षण र सम्वर्द्धनका लागि बृहत गुरुयोजना तयार गरी कार्यान्वयन शुरु गरिएको छ।

१८. ऐतिहासिक एवं वातावरणीय दृष्टिले महत्वपूर्ण रहेका कमलपोखरी, शंखपार्क, कोटेश्वर महादेवस्थान, चेसपार्क संरक्षण र सम्वर्द्धन कार्य अघि बढेको छ। साथै शोभाभगवती, ईन्द्रायणी, गहनापोखरी, म्हेपि, राजकृति महाबिहार, पलेस्वाँ पुखु, कंकेश्वरीको गुरुयोजना तयार भई कार्यान्वयन शुरु गरिएको छ।

१९. काठमाडौं महानगरभित्रका मूर्त अमूर्त सम्पदाको संरक्षण तथा संम्वर्द्धन कार्यमा महानगरपालिका निरन्तर क्रियाशील छ। कीर्तिपुण्य महाविहार दुकु द्यो, दुर्गा विनायक मन्दिर, मुगःद्यो, वलाछें त्वाः छें,

स्वयम्भू स्तुप भजनघर आदि पुनःनिर्माण सम्पन्न भइसकेका छन् भने सत्यनारायण मन्दिर, लयाश्वर मन्दिर, देवी नाच द्यो छें, कोटेश्वर महादेवस्थानमा भगवती मन्दिर, जनबाहा दिगी छें, किलाघः त्वाःछें, न्हय्मु त्वाःछें, वटु भद्रकाली मन्दिर, भगवान बहाल, गोरखनाथ मन्दिर परिसर, पञ्चेधारा, टेबहालस्थित क्वाःपा द्यो छें, क्वःहिटी सत्तल तथा बहाल, मणीसंघ महाविहार, दिही प्याखं द्यो छें, परम्परागत लायकु सा गुठी भवन, नाट्येश्वरी गुठी भवन, नित्यनाथ गुठी भवन, लखतीर्थ परिसर आदिको पुनःनिर्माण कार्य अघि बढेको छ । साथै परम्परागत बाजा सिकाउने गुरुहरुलाई सम्मान गरिएको छ । ऐतिहासिक सोह्रखुट्टे पाटी पुनर्स्थापना गर्ने कार्य सम्पन्न हुने चरणमा छ ।

२०. विश्व सम्पदा सूचीमा रहेको लुम्बिनीमा गुरुयोजना अन्तर्गत नेपाल बज्रयान महाबिहारमा मौलिक परम्परागत प्रवेशद्वार, झ्याल तथा टुँडाल निर्माणको लागि नेपाल परम्परागत बौद्ध धर्म संघलाई, धम्महल भवन निर्माणको लागि अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बुद्धनगरलाई र भवन निर्माणको लागि बागबजारस्थित बुद्धबिहारलाई आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

२१. काठमाडौंको ऐतिहासिक एवं साँस्कृतिक पर्व ईन्द्रजात्रा (येंया पुन्ही) को अवसरमा महानगरको भगिनी सम्बन्ध भएका विभिन्न अन्तर्राष्ट्रिय शहरहरुका मेयर तथा विशिष्ट पाहुनाहरुलाई आमन्त्रण गरी ईन्द्रजात्रा पर्वलाई अन्तर्राष्ट्रियकरण गरिएको छ । ईन्द्रजात्रा पर्वलाई संस्थागत र दिगोरुपमा सञ्चालन गर्न काठमाडौं महानगरपालिकाको रु. २ करोड, नेपाल सरकारको रु. १ करोड ५० लाख, प्रदेश सरकारको रु. १ करोड र गुठी संस्थानको रु. ५० लाख गरी रु. ५ करोडको अक्षय कोष स्थापना गरिएको छ । ईन्द्रजात्राबारे विस्तृत खोजमूलक दस्तावेज प्रकाशनको अन्तिम चरणमा रहेको छ ।

२२. प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुको उच्च सम्मान गर्ने उद्देश्यले सिफलमा सहिद धर्मभक्त माथेमाको, शोभा भगवतीमा सहिद दशरथ चन्द र गंगालाल श्रेष्ठको पूर्णकदको सालिक प्रतिस्थापन गर्ने कार्य सम्पन्न भएको छ ।

२३. करियर क्याम्प कार्यक्रम अन्तर्गत यस बर्ष ३१ जना स्नातक तह उत्तीर्ण सिभिल इन्जिनियर तथा आर्किटेक्टलाई ६ महिनाको कार्यगत तालिम प्रदान गरिएको छ । सो कार्यबाट ६५ वटा पार्क, पाटी, मन्दिर, सामुदायिक भवन, वडा कार्यालयहरुको डिजाईन तथा लागत ईष्टिमेट तयार भई क्रमिक रुपमा कार्यान्वयनमा लगिएको छ ।

२४. काठमाडौं महानगर क्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधार सडक, ढल, पेटी, खानेपानी, बिद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न बिभिन्न निकायहरुबीच समन्वयकारी भूमिका निर्वाह गरिएको छ ।

२५. कोटेश्वर तीनकुनेको जग्गामा बुद्धपार्क निर्माणको गुरुयोजना तयार भइसकेको छ । उक्त स्थानमा हाललाई अल्पकालीन रुपमा हरियालीको विकास गरिएको छ । २३ वडामा यें महानगरपालिका सहिद धर्मभक्त माथेमा पार्क निर्माण तथा पूर्णकदको सालिक प्रतिस्थापन, ३१ वडामा हनुमान पार्क, गणेश मन्दिर पार्क, लोकेश्वर महादेव मन्दिर परिसरमा पार्क निर्माण सम्पन्न भईसकेको छ । वडा ४ मा टुँडालदेवी पार्क र टुसाल पार्क निर्माण भइसकेको छ । त्यसैगरि विभिन्न वडामा मदन भण्डारी पार्क, सुकेधारा कृष्ण गल्ली पार्क, बाँसबारी इकोपार्क, टुँडालदेवी पार्क, न्ह्योखा पार्क, शान्ति नमुना पार्क, गौरीघाट हरियाली पार्क, धोबीखोला पार्क, त्रिपुरेश्वर ज्येष्ठ नागरिक पार्क, कुलेश्वर पार्क, कुलेश्वर आवास क्षेत्र पार्क, बागमती नगर पार्क, रानीबारी पोर्पा अजिमा पार्क, लगं पार्क लगायतका पार्कहरुको निर्माण कार्य शुरु भईसकेको छ ।

२६. नगर-नगर साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लाका १० वटा नगरपालिकाहरु तथा मध्यपुर थिमी नगरपालिकासँग सम्झौता गरी पार्क निर्माण कार्य अगाडी बढेको छ । यस अन्तर्गत टोखा नगरपालिकामा बौडेश्वर बाल उद्यान, कीर्तिपुर नगरपालिकामा युद्ध स्मारक पार्क, बुढानीलकण्ठ नगरपालिकामा बुढानीलकण्ठ पार्क, तारकेश्वर नगरपालिकामा तारकेश्वरधाम ऐतिहासिक पार्क, नागार्जुन नगरपालिकामा गणेशमान स्मृति पार्क, चन्द्रागिरी नगरपालिकामा मदन भण्डारी पार्क, दक्षिणकाली नगरपालिकामा बहुउद्देश्यीय उद्यान, गोकर्णेश्वर नगरपालिकामा राष्ट्रिय सहिद तथा शान्ति पार्कक्षेत्रभित्र गोकर्णेश्वर पार्क, कागेश्वरी मनोहरा नगरपालिकामा कागेश्वरी धाम उद्यान, शंखरापुर नगरपालिकामा बज्रयोगिनी क्षेत्र हरित उद्यान र मध्यपुर थिमी नगरपालिकामा शंखधर शाख्वा स्मृति सामुदायिक पार्क रहेका छन् ।

२७. विभिन्न स्थानमा रहेका अतिक्रमित सार्वजनिक जग्गाहरुको पहिचान गरी अतिक्रमण हटाउने र संरक्षण गरी खुला क्षेत्रका रुपमा विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाइएको छ ।

२८. मेयर उज्यालो कार्यक्रम अन्तर्गत सार्वजनिक स्थल तथा सडकहरुमा स्वचालित सडक बत्ती जडान गरिएको छ ।

२९. पैदल यात्रुलाई सहज रुपमा आवात-जावत गर्नका लागि मीनभवनस्थित बागमती नदीमा र धोबिखोला (कालोपुल) मा गरी २ वटा फुटब्रिज निर्माण सम्पन्न भएको छ । माईतिघर, जयवागेश्वरी तथा चावहिलमा आकाशे पुल निर्माण कार्य अगाडी बढेको छ ।

३०. काठमाडौं महानगरपालिकाको आफ्नै केन्द्रिय कार्यालय तथा वडा कार्यालय भवनहरुको निर्माण गर्ने प्रतिबद्धता अनुरुप हालसम्म वडा १८ को कार्यालय भवन निर्माण सम्पन्न भैसकेको छ भने वडा नं. ३, ४, ९, १४ र २६ मा वडा कार्यालय भवन निर्माण सम्पन्न हुने चरणमा रहेका छन् । वडा नं. २, ६, ८, १२, १६, २१, २२, २९ र ३१ मा डिजाइन कार्य सम्पन्न भई खरिद प्रक्रियामा रहेको, वडा नं. ५, ६, ७, १०, ११, १५, १६ र ३२ मा तला थप तथा स्तरोन्नति कार्य भइसकेको छ । वडा नं. १६ को नयाँ कार्यालय भवनको लागि आवश्यक जग्गा खरिद भइसकेको र वडा नं. २३ र ३० का लागि जग्गा/ घरजग्गा खरिद प्रक्रियामा रहेको छ ।

३१. यस आर्थिक बर्षमा महानगरभित्र निर्माण भएका सडक, वडा कार्यालय, अन्य कार्यालय, सम्पदा संरक्षण गर्न भएका कार्य तथा अन्य पूर्वाधार निर्माणका परियोजनाहरुको बिवरण अनुसूचीमा दिइएको छ ।

३२. काठमाडौं महानगरभित्रको मुख्य-मुख्य सडकमा स्मार्ट सवारी पार्किङ्ग सञ्चालन गरिएको छ ।

३३. भृकुटी मण्डपमा मेगाहलको डिजाइन सहितको अवधारणा-पत्र तयार भई सहमतिको लागि नेपाल सरकार समक्ष अनुरोध गरिएको छ ।

३४. काठमाडौं उपत्यकाको साझा सवालहरुमा एकिकृत धारणा तथा योजना निर्माण गर्न उपत्यका नगरपालिका फोरम गठन भई आपसी सहकार्य र समन्वयलाई संस्थागत गरिएको छ ।

३५. शुद्ध पिउने पानीको सुविधा दिन काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा स्वयम्भू, शंखधर पार्क, बालाजु पार्क, शंख पार्क र मीनभवनमा Water ATM राख्ने सम्झौता गरी काम अगाडी बढिसकेको छ ।

३६. काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्जमा नारायण गोपाल पेमला सुरमय गीतगङ्गा भवन निर्माण कार्य भईरहेको छ ।

३७. मानव सेवा आश्रमको लागि सामाखुशी र बुढानीलकण्ठमा रहेका २ वटा भवनको भाडा महानगरपालिकाले बेहोर्दै आएको छ । उक्त आश्रमको दिगो व्यबस्थापनको लागि सहिद धर्मभक्त माथेमा महानगर मानवसेवा आश्रम भवन निर्माण प्रक्रियामा रहेको छ ।

३८. Recharge Kathmandu अभियान अन्तर्गत १५ र २६ वडा लगायतका अन्य स्थानहरुमा आकाशेपानी पुनर्भरण कार्य शुरु भएको छ ।

३९. माईतीघरदेखि तीनकुनेसम्मको फुटपाथमा दुबैतिर dedicated साइकल लेन तथा फुटपाथ स्तरोन्नतिको विस्तृत डिजाइन भई निर्माण प्रक्रियामा रहेको छ । सिंहदरबार पश्चिम ढोकादेखि भद्रकालीसम्म दुबै साइडको फुटपाथ सौन्दर्यीकरण योजना अघि बढेको छ ।

४०. कामपा ६ बौद्ध रामहिटीमा महानगर बारुणयन्त्र भवन तथा तालिम केन्द्र निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। हाल महानगरपालिकामा ४ वटा दमकल सञ्चालनमा रहेकोमा काठमाडौं उपत्यकाको बढ्दो शहरीकरणलाई मध्यनजर गरी थप ३ वटा दमकल खरिद प्रक्रियामा रहेको छ ।

४१. काठमाडौं महानगरलाई धुलोमुक्त बनाउने अभियान अन्तर्गत थप २ वटा खरिद गरि ९ वटा ब्रुमर सञ्चालनमा रहेका छन् ।

४२. काठमाडौं महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सामाजिक परिचालक र महिला स्वयंसेविकाहरुको कोरोना बीमा गरिएको छ । यसका साथै जनप्रतिनिधिहरुको स्वास्थ्य बीमा गरिएको छ ।

४३. Mayor Research Fellowship कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वान गरेर महानगरलाई उपयोगी हुने विभिन्न विषयमा खोज तथा अनुसन्धान गर्ने कार्य प्रारम्भ गरिएको छ ।

४४. महानगरपालिकाको केन्द्रीय कार्यालय र सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप मार्फत विवाद निरुपण गर्ने कार्यक्रम अन्तर्गत सवै वडाबाट २।२ जना र केही कर्मचारी गरी ७४ जनालाई मेलमिलाप सम्वन्धी ४८ घण्टाको आधारभूत तालिम सम्पन्न गरिएको छ । साथै सबै मेलमिलाप केन्द्रहरुका लागि १४४ जना मेलमिलापकर्ता सूचिकृत भई वडा तहमा समेत मेलमिलाप पद्धति स्थापित भएको छ ।

४५. शहरी सुशासनको पक्षमा निरन्तर क्रियाशील पत्रकारहरुमध्येबाट विभिन्न विधामा यस बर्ष १० जनालाई महानगरीय सुशासन पत्रकारिता पुरस्कार प्रदान गरिएको छ ।

४६. महानगरपालिका क्षेत्रमा अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण र सुशासन प्रवर्द्धन गर्न शहरी क्षेत्रको मुख्य-मुख्य मार्ग, चोक, गल्ली तथा वडा कार्यालयहरुमा सीसीटिभी क्यामेरा राख्ने कार्य सम्पन्न भएको छ ।

**नगर सभाका सदस्यहरु,**

४७. कोभिड १९ को कारणबाट विगत तीन महिनादेखि मुलुक बन्दाबन्दीको अवस्थामा रहेकोमा हाल क्रमिक रुपमा सामान्यतर्फ उन्मुख भैरहेको महशूस भएतापनि परिस्थिति कुनै पनि बेला विषम हुन सक्ने देखिन्छ । यस महामारीबाट पूर्ण उन्मुक्ति कहिले हुन्छ यकिन गरी भन्न सकिने स्थिति छैन,

तथापी यसले महानगरवासीमा पारेको असरलाई न्यूनीकरण गरी छिटो भन्दा छिटो जनजीवनलाई पूर्ववत् अवस्थामा ल्याउन हामी प्रयासरत छौं । आगामी बर्षको नीति तथा कार्यक्रमको प्राथमिकता **जनस्वास्थ्य सेवा सुधार, विद्यालय शिक्षा सुधार, खाद्य सुरक्षा, उद्यमशीलता तथा रोजगारी प्रबर्द्धन र आवागमन व्यबस्थापनमा** विशेष केन्द्रित रहेको छ । यी क्षेत्रहरुलाई लक्षित गरी कोभिड १९ प्रतिकार्य योजना तयार गरी काठमाडौं महानगरपालिकामा लागु गर्नुका साथै उपत्यकाका अन्य नगरपालिकाहरुसँगको सहकार्यमा उपत्यकाव्यापी रुपमा कार्यान्वयनमा लैजान पहल गरिनेछ ।

**महानगरपालिकाको समग्र नीति**

४८. काठमाडौं उपत्यकालाई सिङ्गो समृद्ध सहरको रुपमा विकास गर्न अन्य नगरपालिकाहरुसँगको सहकार्यमा उपत्यका एकीकृत विकास कार्यक्रम अघि बढाइनेछ ।

४९. महानगरपालिकाले गर्ने विकासात्मक कार्यहरु र वितरण गर्ने सबै खालका सेवालाई सुशासनको प्रत्याभूति दिने गरी सुलभ तथा गुणस्तरिय रुपले सेवा प्रवाह गर्न क्रमशः विद्युतीय पद्धतिमा रुपान्तरण गरिने नीति लिइनेछ ।

५०. काठमाडौं महानगरपालिकाको आवधिक योजना तयार गरी कार्यान्वयन गरिनेछ । साथै दिगो एकिकृत विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अनुसरण गरी टुलकिट, म्यानुअल, मापदण्ड तयार गरी जारी गरिनेछ । महानगरपालिकाले कार्यान्वयन गरेका परियोजनाहरुको निर्माण सुपरिवेक्षण पद्दतिलाई वैज्ञानिक, पारदर्शी तथा Real Time मा आधारित बनाइनेछ ।

५१. महानगरपालिकाको शहरी व्यवस्थापन र राजश्व प्रशासनको लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत शहरी नक्शा तथा महानगर सूचना प्रणाली विकास गरिनेछ ।

५२. महानगरपालिकाले असल निर्माण अभ्यास (Good Construction Practice) प्रबर्द्धनको लागि विभिन्न प्राविधिक, जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्नेछ ।

५३. महानगरपालिकाबाट सञ्चालित जग्गा एकिकरण आयोजनाहरुमध्ये नयाँबजार आयोजना यसै आर्थिक बर्षभित्र तथा चःमति र मनोहरा जग्गा एकिकरण आयोजना आगामी दुई बर्षभित्र सम्पन्न गरिनेछ ।

**१. आर्थिक तथा रोजगारी नीति**

**(क) <u>कृषि, खाद्य तथा पशु नीति</u> :** शहरी फलफुल खेती, कौशी खेती, माटो विनाको खेती प्रविधिको विकास गर्ने र यस कार्यलाई समुदाय सहभागी लक्षित हुने नीति लिइनेछ ।

**कार्यनीति :**

५४. महानगरपालिकाको कृषि तथ्याङ्क समेतको आधारभूत (Baseline) सूचना तयार गरी GIS मा आबद्ध गरिनेछ ।

५५. औषधी तथा खाद्यबस्तु लगायतका आधारभूत उपभोग्य वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याई खाद्यवस्तुको गुणस्तर परीक्षणको लागि अत्याधुनिक उपकरण सहितको मोबाइल भ्यान सञ्चालनमा ल्याइनेछ ।

५६. सहकारी तथा निजी क्षेत्रको लगानीमा गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गर्न सहयोग गरिनेछ । वध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने कार्य थप ब्यबस्थित गरीनेछ ।

५७. तरकारी तथा फलफूल बजार, वधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडी बढाइनेछ । यस्ता व्यवसायहरुको वस्तुगत बिवरण तयार गरी न्यूनतम मापदण्ड तोक्ने र अनुगमन गर्ने कार्य गरिनेछ । उपभोक्ता हित संरक्षण गर्न तथा आम उपभोक्ताको चेतनास्तर अभिवृद्धि गर्न विविध कार्यक्रम संचालन गरिनेछ ।

५८. स्थानीय बारी तथा कौसीको उपयोग गर्ने गरी Integrated Pest Management (IPM) प्रविधिमा आधारित भई करेसाबारी तथा कौसी तरकारी अभियानको रुपमा स्थानीय समुदायको परिचालन गरिने छ, जसवाट भविष्यमा हुन सक्ने तरकारीको अभाव व्यवस्थापनमा सहयोग मिल्नेछ । काठमाडौंबासीलाई तरकारी खेतीमा दिशानिर्देश गर्न कृषि क्यालेण्डर जारी गरिनेछ ।

५९. सरकारी, अर्धसरकारी, निजी ठूला भवन, सपिङ्ग कम्प्लेक्स, अपार्टमेन्ट आदिमा कौशी खेती तथा कौशी बगैंचाको लागि प्रोत्साहन गरिनेछ । उत्पादित तरकारी, फुल बिरुवा महानगरले खरिद तथा बिक्रि वितरणमा सहजीकरण गर्ने ब्यबस्था मिलाइनेछ ।

६०. ब्यक्ति, समूह तथा सहकारीले उत्पादन गरेका तरकारीहरु बिकी वितरण तथा आपूर्ति ब्यबस्था सहजताको लागि प्रत्येक वडामा निश्चित समयको लागि तरकारी तथा घरेलु उत्पादन बजारको ब्यबस्था गरिनेछ, जसको सञ्चालन स्थानीय समुदायले गर्नेछन् ।

६१. सडक डिभिजन कार्यालय, महानगरीय ट्राफिक प्रहरी महाशाखासँग समन्वय गरी महानगरपालिकाका उपयुक्त स्थानहरुमा निश्चित समयको लागि अतिरिक्त तरकारी बजार सञ्चालन गरिनेछ ।

६२. भविष्यमा आउन सक्ने खाद्यान्न संकट जसको कारणले अति विपन्न परिवारलाई पर्न सक्ने भोकमरीको दुरावस्थालाई निराकरण गर्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्य गरी नियमित रुपमा खाद्यान्न भण्डारण तथा बिक्रि वितरणको ब्यबस्था गरिनेछ । खाद्य दिवस, विषादी रहित कृषि उपज सप्ताह, अन्तर नगर स्थलगत अनुगमन गरिनेछ ।

६३. महानगरवासीलाई सर्वसुलभ ढंगबाट तरकारी तथा फलफुलको आपुर्ति गर्ने व्यवस्था मिलाउनका लागि उपयुक्त स्थानहरुमा शीत भण्डारसहितको आधुनिक तरकारी बजारको स्थापना गरिनेछ ।

६४. कृषियोग्य जमिनहरु जोगाउन र नयाँ कृषि क्षेत्र निर्धारणका लागि उपत्यकाभित्र वा वरिपरिका नगरपालिकासँग सहकार्य गरी कृषि क्षेत्र बढाउने नीति लिईनेछ ।

६५. खाद्य सुरक्षालाई मध्यनजर गरी निजी जमीनको उपयोग गर्न तोकिएको मापदण्ड निर्धारण गरी व्यावसायिक खेती तथा तरकारी खेती गर्न प्रोत्साहन गरिनेछ । बागमती, विष्णुमती, रुद्रमती, ईच्छुमती, मनोहरा, खहरे खोला लगायतका नदी किनार, सार्वजनिक तथा पर्ति जग्गाहरुमा फलफूल तथा अन्य बिरुवाहरु रोपी हरियाली प्रबर्द्धन गरिनेछ ।

६६. छाडा पशुबाट सडक दुर्घटना हुने तथा रोगव्याधि फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गरी यस्ता पशुहरुको ब्यबस्थापन **बहुउद्देश्यीय परियोजना** मार्फत् गरिनेछ ।

६७. घरपालुवा तथा छाडा पशुमा हुने रेबिज रोगको उन्मूलन गर्न बृहद भेक्सिनेसन कार्यक्रम ल्याइनेछ । घरपालुवा जनावरहरुको स्वास्थ्य जाँच सेवाका लागि उपचार केन्द्रको ब्यबस्था गरिनेछ । कुकुर पाल्नको लागि महानगरको अनुमति अनिवार्य गरिनेछ ।

**(ख) सहकारी नीति : "समृद्धिको लागि सहकारी अभियान"** लाई सफल पार्न साना तथा मझौला व्यबसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

**कार्यनीति :**

६८. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ । सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि एकीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६९. महानगर सहकारी संघ (विशिष्टीकृत सहकारी संघ) को माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।

७०. सहकारीहरुको नियमन तथा ब्यबस्थापनको लागि सहकारी कार्यमूलक योजना (Cooperative Action Plan) ल्याइनेछ ।

७१. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउन विशेष कार्यक्रमको ब्यबस्था गरिनेछ । तरकारी, फलफूल, घरेलु खाद्य उद्योग, सरसफाई, क्याफे तथा रेष्टुरेण्ट, मनोरञ्जन, प्राविधिक, पेशागत शिल्पी, निर्माण, स्वास्थ्य क्षेत्र समेतमा आधारित उपभोक्ता, श्रमिक र उत्पादक सहकारी संस्था प्रबर्द्धनमा जोड दिइनेछ ।

७२. महानगरभित्रका सहकारी संस्थाहरुबीच समन्वय एवं वचत र लगानीलाई प्रभावकारी बनाउन काठमाडौं महानगरस्तरीय विशिष्टीकृत संस्था स्थापना तथा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

७३. उपभोक्ताको गुणस्तरीय तरकारी तथा खाद्यबस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्न प्रत्येक वडामा कम्तिमा एक नमुना उपभोक्ता सहकारी स्थापना गरी सो मार्फत् थोक बजार सञ्चालन तथा प्रवर्द्धन गरिनेछ ।

**(ग) उद्यमशीलता प्रबर्द्धन तथा रोजगार नीति :** काठमाडौ महानगरभित्र विभिन्न उद्यम गरिरहेका परम्परागत तथा अन्य स्थानीय शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ । साना, मझौला तथा सेवामुलक उद्योगलाई प्रश्रय तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**कार्यनीति :**

७४. विभिन्न विषयगत क्षेत्रहरुका लागि आवश्यकताका आधारमा महानगरस्तरीय **एकीकृत सीप विकास कार्यक्रम** सञ्चालन गरिनेछ ।

७५. महानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा नेपाली बस्तुहरुको बजार कोशेली घर वा यस्तै प्रकृतिका अन्य बजार विस्तार गरिनेछ । मरुटोलमा रहेको सिंहसत्तललाई गैर सरकारी संस्थासँगको सहकार्यमा निर्यात प्रबर्द्धन केन्द्रको रुपमा विकास गरिनुका साथै **मेड इन काठमाडौं** अभियान सञ्चालन गरिनेछ ।

७६. युवाहरुको नविन सोच तथा प्रविधिप्रतिको आकर्षणलाई ध्यानमा राखी काठमाडौं हब (K-Hub) को स्थापना गरिनेछ । स्टार्टअपको माध्यमबाट उद्यमी बन्न चाहने युवाहरुलाई उत्पादन डिजाइन, प्रविधि, बजार, वित्त व्यबस्था, कानुन आदिको परामर्श एकै स्थानमा उपलब्ध गराइनेछ ।

७७. महानगरमा स्थायी बसोवास गर्ने न्यून आय भएका स्वरोजगार हुन ईच्छुक ब्यक्ति वा समुहहरुलाई सघन ब्यावसायिक तालिम प्रदान गरी आफैले व्यवसाय सञ्चालन गर्न आवश्यक बीउ पूँजी सहुलियत ऋणको रुपमा ब्यबस्था गरिनेछ । यसबाट करिब १,००० घरपरिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

७८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक श्रोत समेत थप गरि प्रभावकारी बनाइनेछ । यस आर्थिक बर्षमा बेरोजगार लक्षित हाटबजार संचालन तथा महानगरका १० स्थानमा बिक्री केन्द्र स्थापना गरिनेछ । रोजगारी सहितको सीपमुलक तालिमहरु मार्फत् युबाहरुलाइ स्वरोजगार बनाइनेछ । रोजगार सेवा केन्द्रलाई थप ब्यबस्थित गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई महानगरका बत्तिसै वडा मार्फत सम्बद्ध संस्थासँगको सहकार्यमा प्रभावकारी कार्यान्वयन गरी रोजगार प्राप्तिलाई सहज बनाइनेछ ।

७९. विषम परिस्थितिमा **जीवन निर्वाहका लागि पारिश्रमिक कार्यविधि, २०७७** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८०. कोभिड १९ महामारीले **लघु, घरेलु तथा साना उद्योग**मा पारेको प्रभावलाई सम्बोधन गर्न Revolving Fund को स्थापना गरी कार्यविधिको आधारमा सहुलियत दरमा ऋण प्रदान गरिनेछ ।

८१. महामारी विरुद्ध प्रतिकार्यका लागि अध्ययन, अनुसन्धान, आविष्कार गर्न विभिन्न सरकारी, गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

**(घ) उद्योग तथा व्यापार नीति :** कोभिड १९ का कारण व्यापार व्यवसायमा आएको अप्रत्याशित मन्दीलाई दृष्टिगत गरी महानगरभित्र संचालित होटेल, रेष्टूराँ, सपिङ्गमलहरु, डे/नाइट मार्केट लगायत अन्य व्यापार व्यवसायहरुलाई विशेष सहुलियत प्रदान गर्ने नीति लिइनेछ ।

**कार्यनीति :**

८२. स्थानीय समुदाय, निजी क्षेत्र, सुरक्षा निकाय, यातायात व्यवसायीसँग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने निश्चित क्षेत्रहरु रातको समयमा सञ्चालन गर्नका लागि आवश्यक नीतिगत तथा पूर्वाधारको ब्यबस्था मिलाइनेछ ।

८३. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्वदेशी उत्पादनको व्यापार प्रबर्द्धन मेला आयोजना गरिनेछ ।

८४. अनलाइन वा घरैबाट व्यवसाय/उद्यम गर्न चाहने स्थानीयवासीलाई वित्तिय संस्थाहरुको सहकार्यमा व्यावसायिक कार्य योजना बनाउन तथा सहुलियत ऋणको लागि सहजीकरण गर्ने नीति लिइनेछ ।

**(ङ) पर्यटन नीति : आर्थिक समृद्धिमा पर्यटन** भन्ने मूलमन्त्रलाई आत्मसात गरी पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको संरक्षण, सम्बर्द्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ ।

**कार्यनीति :**

८५. आन्तरिक तथा वाह्य पर्यटकमाफ्त काठमाडौंलाई चिनाउन काठमाडौको **सिटी ब्राण्डिङ्ग**को कार्य द्रुतगतिमा अघि बढाइनेछ ।

८६. हनुमानढोका दरबार क्षेत्र, स्वयम्भू, बौद्ध र पशुपतिक्षेत्रलाई **पर्यटकीय हब**का रुपमा विकास गर्न विशेष कार्यको थालनी गरिनेछ ।

८७. कोभिड १९ बाट सबैभन्दा बढी प्रभावित पर्यटन व्यवसायलाई पूर्ववत अवस्थामा ल्याउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, नेपाल होटल संघ, रेष्टुरेण्ट तथा बार संघ तथा अन्य सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थासँग सहकार्य गरिनेछ ।

८८. आन्तरिक पर्यटन प्रबर्द्धन गर्न विशेष कार्यमूलक योजना बनाई कार्यान्वयन गरिनेछ । यसको शुरुआत ठमेल र बसन्तपूर क्षेत्रबाट हुनेछ ।

८९. उपत्यकाका विभिन्न पर्यटकीय स्थलहरु जोड्नेगरी विद्युतीय **हप अन हप अफ** बस सञ्चालन गरिनेछ ।

९०. वसन्तपुर दरबार क्षेत्र तथा वरिपरिका मन्दिरहरुमा लाइटिङ्ग सिष्टम जडान गरी सन्ध्याकालीन साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(च) <u>सार्वजनिक निजी सामुदायिक साझेदारी नीति</u>** : शहरी पुर्वाधारका क्षेत्रहरुमा (आर्थिक, सामाजिक, भौतिक विकास, सांस्कृतिक र सम्पदा) सार्वजनिक निजी तथा समुदाय साझेदारी सहभागिता मार्फत विकास तथा समृद्धि प्राप्त गर्ने नीति लिइनेछ । यसका लागि परियोजना बैंक स्थापना गरी नेपाल लगानी बोर्ड, नगर विकास कोषसँग प्राविधिक सहकार्य गरिनेछ ।

## २. सामाजिक विकास नीति

**(क) <u>शिक्षा नीति</u> :** जीवनउपयोगी, व्यावसायिक एवं प्रविधियुक्त पूर्वाधार सहित नैतिक तथा मनोवैज्ञानिक शिक्षामा जोड दिई विद्यालयको समग्र शैक्षिक गुणस्तरमा सुधार गर्ने नीति लिईनेछ ।

### कार्यनीति

९१. महानगरभित्रका विद्यालयहरुको गुणस्तर सुधार गरी समयानुकुल बनाउन शिक्षाविद्हरू सम्मिलित **<u>एकीकृत शिक्षा व्यवस्थापन योजना तर्जुमा समिति</u>** गठन गरि शिक्षा योजना तर्जुमा गरिनेछ । बाल शिक्षा, प्राथमिक तहको शिक्षा, आधारभूत तहको शिक्षा र माध्यमिक तहको शिक्षालाई विशिष्टिकृत गर्दै लगिनेछ ।

९२. विद्यालय शिक्षामा नेपाल भाषाको स्थानीय पाठ्यक्रम बनाई लागु गरिने छ । यसरी निर्माण गर्ने पाठ्यक्रममा उपत्यकाको भाषा, रहनसहन, संस्कृति, सम्पदा लगायत नैतिक शिक्षालाई समेत समेटिने छ ।

९३. विद्यालयको पढाई बिचैमा छोड्ने विद्यार्थीहरूको मनोबललाई उच्च गर्न आवश्यक पूर्वाधार निर्माण गरी बालमैत्री शिक्षण पद्धतिलाई अबलम्बन गरिने छ । स्थानीयबासी जेहेन्दार, गरिब, विपन्न, दलित, तथा अपाङ्गता भएका वालवालिकालाई आवश्यकतानुसार पाठय्पुस्तक, पाठ्यसामाग्री र पोसाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

९४. विद्यालयको आन्तरिक आम्दानीलाई पारदर्शी गर्न विशेष मापदण्ड तयार गरी लागु गरिनेछ ।

९५. सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना तथा स्तरोन्नति गरिनेछ । छनौट भएका विद्यालयहरुमा STEAM Club स्थापना गरी विज्ञान, प्रविधि, इञ्जिनीयरिङ्ग, कला र गणितमा आधारित आविष्कारका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । विद्यालयहरूबीच वार्षिक रूपमा आविष्कार प्रतिस्पर्धाको आयोजना गरी विद्यार्थीहरूको सिर्जनशीलतालाई प्रोत्साहन गरिनेछ ।

९६. तीनवटा सामुदायिक विद्यालयहरुका ९ देखि १२ कक्षासम्मका विद्यार्थीहरुलाई सिभिल ईञ्जिनीयरिङ्ग बिषयमा पढाई भैरहेकोमा आ.व. २०७७।७८ मा थप ३ वटा सामुदायिक विद्यालयहरुमा कम्प्यूटर, ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स बिषयमा पनि पठनपाठन गराइनेछ । यसरी ईञ्जिनीयरिङ्ग विषयमा अध्ययन गरेका जनशक्तिलाई आवश्यकता अनुसार काठमाडौं महानगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुमा परिचालन गरिनेछ ।

९७. सबै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरुको तथा विद्यार्थीहरूको विद्युतीय माध्यमबाट रेकर्ड तथा रिपोर्टिङ्ग प्रणालीको स्थापना गरी एक वडा एक नमूना विद्यालय कार्यक्रम लागु गर्न शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।

९८. प्रौढ कक्षा, वैकल्पिक शिक्षा र निरन्तर कक्षाहरू संचालन गर्न विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरिनेछ ।

९९. सामुदायिक विद्यालयहरूलाई शिक्षण मैत्री बनाउन विषयगत शिक्षकको व्यबस्था गरिनुका साथै पूर्वाधार सुधारका कार्यलाई जोड दिइनेछ ।

१००. सामुदायिक विद्यालयहरूमा अनलाइन तथा दूर शिक्षाको माध्यमबाट पनि पठनपाठन गराउन सकिने गरी आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

१०१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) सँग विज्ञान प्रविधिमा आधारित नवप्रवर्तन केन्द्र तथा विज्ञान पार्कको स्थापनाको लागि सहकार्य गरिनेछ ।

१०२. काठमाडौं महानगरपालिकाको आफ्नै एक **प्रविधिमैत्री सिटी लाइब्रेरी** स्थापना गरी सञ्चालन गरिनेछ ।

१०३. सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा अध्ययनरत विपन्न तथा जेहेन्दार छात्र छात्रालाई जननेता स्व. मदन भण्डारी छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) जनस्वास्थ्य नीति : स्वस्थ महानगर : समृद्धिको आधार**लाई आत्मसात गर्दै जनस्वास्थ्य सम्बन्धी सेवालाई बढी प्रभावकारी बनाउन महानगरको जनस्वास्थ्य नीतिमा विशेष सुधार तथा परिवर्तन गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनको लागि जनस्वास्थ्य सम्बन्धी प्रशासनिक संयन्त्रलाई विषयका आधारमा वर्गिकरण गरी क्षमता विकास गर्ने नीति लिइनेछ । आधारभूत स्वास्थ्यसेवालाई सुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवं भरपर्दो बनाउँने नीति लिइनेछ ।

**कार्यनीति**

१०४. महानगरपालिकाको आफ्नै सुविधा सम्पन्न कम्तिमा ५० सैयाको अस्पताल स्थापना गर्न आवश्यक पूर्वाधार व्यवस्था गरिनेछ । महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संभाव्य सामुदायिक अस्पतालहरुलाई महानगरपालिकाको अस्पतालको रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

१०५. वरिष्ठ ज्येष्ठ नागरिकको विशेषज्ञ चिकित्सकद्वारा नियमित एवं निशुल्क स्वास्थ्य परीक्षण सेवालाई निरन्तरता दिईने छ ।

१०६. महानगरवासीहरुको लागि **स्वस्थ जीवनका लागि स्वच्छ आहार विहार**को नीति अवलम्बन गरिनेछ । उपभोक्तामैत्री कानूनहरुको निर्माण गरी लागु गरिनेछ ।

१०७. गुणस्तरीय एवं न्युनतम स्वास्थ्य सेवा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालित सबै सरकारी, निजी र सामुदायिक अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर नियमन र अनुगमन गर्ने संस्थागत व्यवस्था मिलाइनेछ ।

१०८. काठमाडौं महानगरपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य क्लिनिकहरुको क्रमिकरुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१०९. जलन (Burn) रोकथाम तथा प्राथमिक उपचारका लागि प्रत्येक वडामा तालिम सञ्चालन गरिनेछ । वडा वडामा मृगौला जोगाउ अभियान सञ्चालन गरिनेछ । अर्बुद रोग लगायत अन्य दीर्घ रोगको समयमै स्वास्थ्य परीक्षण गर्न **दीर्घरोग स्वास्थ्य परीक्षण कार्यक्रम** सञ्चालन गरिनेछ ।

११०. स्थानीय ज्येष्ठ नागरिकको लागि निमोनिया, एन्फ्लुयञ्जा तथा अन्य संक्रमणको रोकथामको लागि **मनमोहन अधिकारी ज्येष्ठ नागरिक निशुल्क खोप** कार्यक्रम सञ्चालन गरिनेछ । साथै नियमित सेवन गर्नुपर्ने उच्च रक्तचाप तथा मधुमेह सम्बन्धी औषधीहरु निशुल्क रुपमा वितरण गरिनेछ ।

१११. महानगरपालिकाका ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरुको लागि दूर स्वास्थ्य परामर्श सेवाको शुरुआत गरिनेछ ।

११२. काठमाडौं महानगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवा सुविधामा समयानुकूल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गरिनेछ ।

११३. मदिरा, सुर्तीजन्य पदार्थ तथा जङ्कफुडको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे जनचेतना अभिबृद्धि गरिनेछ ।

११४. शारिरीक तथा मानसिक स्वास्थ्यको लागि योग, व्यायाम, ध्यान गर्न प्रत्येक वडाका सार्वजनिक स्थानमा विभिन्न सामाजिक संस्थासँगको सहकार्यमा **महानगर योग केन्द्र** सञ्चालन गरिनेछ ।

११५. नेपाल एम्बुलेन्स सेवासँगको सहकार्यमा सञ्चालित एम्बुलेन्स सेवालाई विस्तार तथा थप प्रभावकारी बनाइनेछ । नगरवासीहरुको आधारभूत स्वास्थ्य जाँच र तत्काल परीक्षणको लागि आवश्यक उपकरण तथा चिकित्सक सहितको मोबाइल भ्यान सञ्चालन गरिनेछ ।

११६. कोभिड १९ तथा अन्य सम्भावित महामारीबाट जोगिन आवश्यक निरोधात्मक उपायहरु प्रभावकारी रुपमा लागु गरिनेछ ।

११७. महानगरवासीको स्वास्थ्य सुरक्षासँग प्रत्यक्षरुपमा सरोकार राख्ने दैनिक उपभोग्य वस्तुहरुको महानगरभित्र आपूर्ति, बिक्रि वितरण तथा गुणस्तरको उचित प्रत्याभूति दिने नीति लिईनेछ ।

११८. महानगरपालिकाको कार्यप्रति उत्प्रेरित गरी मनोबल उच्च पार्न आगामी आर्थिक वर्षमा सबै जनप्रतिनिधि, कर्मचारी सामाजिक परिचालक र महिला स्वास्थ्य स्वयमंसेविकाहरुको पूर्ण शारिरिक स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमको सुरुवात गरिनेछ ।

**(ग) <u>महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा समाजकल्याण नीति :</u>** लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय, महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपले वञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**कार्यनीति :**

११९. विपन्न, असहाय तथा सामाजिक रुपले वञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत ब्यबस्था मिलाइनेछ । निम्न आय भएका शहरी गरिबहरुको पहिचान गरी नेपाल सरकार एवं प्रदेश सरकारसँगको समन्वय र सहयोगमा सामुहिक आवास निर्माण गर्ने नीति लिइनेछ ।

१२०. **भोकै कोही पर्दैन, भोकले कोही मर्दैन** भन्ने नारा सहित महानगरभित्र सडक आश्रित मानव उद्धार गर्ने कार्यलाई निरन्तरता दिने र यस कार्यलाई स्थायित्व दिन अन्य स्थानीय तहसँग सहकार्य तथा स्थानीय स्तरमै ब्यबस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२१. सडक सहयोगापेक्षी मानव सेवालाई दीगो र संस्थागत बनाउनका लागि **सहिद धर्मभक्त माथेमा महानगर मानवसेवा आश्रम**को भवन संरचना लगायतका पूर्वाधार विकासका लागि आवश्यक सहयोग गरिनेछ ।

१२२. लैंगिक हिंसामा परेकाहरुलाई पुनर्स्थापना केन्द्रमा अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१२३. महिला सचेतना तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्न **महानगर महिला सहजीकरण केन्द्र** स्थापना गरिनेछ ।

**(घ) <u>खानेपानी तथा सरसफाई नीति</u> :** महानगरभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी महानगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति लिइनेछ । यसका लागि परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न समन्वय गरिनेछ । साथै महानगरपालिकाको सुख्खा क्षेत्रमा पानी वितरण गर्न स्थानीय स्तरका क्लब तथा उपभोक्ता समितिसँग सहकार्य गरी पानीमा पहुँच बृद्धि गर्ने नीति लिइनेछ । काठमाडौं महानगरपालिकालाई पूर्ण सरसफाईतर्फ उन्मुख गराइनेछ ।

**कार्यनीति :**

१२४. समुदायको पहलमा स्थानीयस्तरमा खानेपानीको वितरण, आकाशेपानी संकलन तथा पानी पुनर्भरण गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ । उक्त कार्यको लागि सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ । रिचार्ज काठमाडौं अभियानलाई निरन्तरता दिइनेछ ।

१२५. सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा ब्यबस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ । हाल सञ्चालनमा रहेका सार्वजनिक शौचालयहरुको मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यको शुरुआत गरिनेछ । यसै आर्थिक वर्षभित्र निजी क्षेत्र समेतको सहभागितामा प्रत्येक वडामा कम्तिमा दुई वटा सार्वजनिक शौचालय वडा कार्यालय मार्फत निर्माण तथा सञ्चालन गरिनेछ ।

१२६. सर्वसाधारणलाई सार्वजनिक शौचालयमा पहुँच बृद्धि गर्न रेष्टुरेन्ट, सपिङ्ग मल, पेट्रोल पम्प, अस्पताल, सार्वजनिक संस्थाहरुका शौचालयहरुसमेत प्रयोग गर्न सक्ने ब्यबस्थाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

**(ङ) <u>संस्कृति तथा सम्पदा नीति</u> :** ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, बहाल बही, चुक/ननी, लाछी जस्ता मूर्त तथा रितीरिवाज, भाषा, लिपी, संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिइनेछ ।

**कार्यनीति :**

१२७. महानगर क्षेत्रभित्र रहेका मूर्त अमूर्त सम्पदाहरुको ऐतिहासिक, धार्मिक, साँस्कृतिक बिवरण सहितको तथ्याङ्क संकलन तथा डिजिटल अभिलेखिकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२८. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक एवं प्राचीन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गरिनेछ । साथै आधिकारिक नामाकरण हुन बाँकी टोल, सडक, मार्ग, चोक आदिको नामाकरण गर्नुपर्दा महानगरपालिकाको स्वीकृति अनिवार्य लिनुपर्ने ब्यबस्था गरिनेछ ।

१२९. ऐतिहासिक एवं वातावरणीय दृष्टिले महत्वपूर्ण पोखरी, मन्दिर, ढुंगेधारा, बहाः बही लगायतका साँस्कृतिक सम्पदा क्षेत्र तथा सम्पदा मार्गहरुको बृहत्तर विकास योजना बनाई क्रमबद्ध कार्यान्वयन गरिनेछ ।

१३०. विश्व सम्पदा सूचीमा रहेको पशुपति क्षेत्रभित्रको भण्डारखाल परिसरको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि पशुपति क्षेत्र विकास कोषसँग आवश्यक सहकार्य गरिनेछ ।

१३१. हाँडीगाउँको लिच्छवीकालिन सभ्यताबारे थप विस्तृत अध्ययन अनुसन्धान गरिनेछ । काठमाडौंको ऐतिहासिक तथा साँस्कृतिक सेतो मच्छिन्द्रनाथको जात्राबारे विस्तृत अनुसन्धान गरी दस्तावेज प्रकाशन गरिनेछ ।

१३२. दक्षिण कोलिग्राम तथा कोलिग्रामको बुद्धकालिन सभ्यता अध्ययन अनुसन्धान गरी संरक्षण तथा सम्बर्द्धन गरिनेछ। दक्षिण कोलिग्राम क्षेत्रलाई खुल्ला संग्रहालयको रुपमा विकास गरिनेछ। धर्मपथस्थित आफ्नो स्वामित्वमा रहेको जग्गामा यें देय् साँस्कृतिक भवनको निर्माण गरी नेपाल भाषा, संस्कृति, सम्पदाको अध्ययन, अनुसन्धान गर्ने केन्द्रको रुपमा विकास गरिनेछ ।

१३३. काठमाडौं महानगरको इतिहास, संस्कृति, मौलिक परम्परा समेटी तस्बीर, चित्रकथा, श्रव्यदृश्य सामाग्री निर्माण गरिनेछ । साथै विभिन्न स्थानहरुमा कलात्मक मूर्ति प्रतिस्थापन तथा भित्ते चित्र (Mural) राखिनेछ ।

१३४. महानगरपालिकाभित्र उपयुक्त भवनलाई **सिटी आर्टस् म्युजियम**मा रुपान्तरण गरी अध्ययन तथा पर्यटकीय स्थलको रुपमा प्रबर्द्धन गर्न पहल गरिनेछ । साथै नेवा साँस्कृतिक भवन तथा म्युजियम बनाउन अध्ययन गरिनेछ ।

१३५. सम्पदा पुनःनिर्माणका कार्यहरुलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईनेछ । काष्ठमण्डप पुनःनिर्माण कार्य यसै आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ। हनुमानढोका दरबार क्षेत्रमा अवस्थित महादेव पार्वती मन्दिर तथा कुमारी घरको जीर्णोद्वार यसै बर्ष शुरु गरिनेछ ।

१३६. काठमाडौं उपत्यकाको सम्पदाको रुपमा रहेको बागमती, विष्णुमती, धोबीखोला, सामाखुशी, ईच्छुमती, मनोहरा लगायतका नदीनालाहरुलाई अतिक्रमण मुक्त गरी सफा र सुन्दर बनाइनेछ । काठमाडौं

महानगरपालिका क्षेत्रभित्रका नदीनालाको सरसफाई र संरक्षणको उचित व्यवस्था गरी नदीलाई मानव सभ्यता र सौन्दर्यतासँग आबद्ध गरिनेछ ।

१३७. त्रिपुरेश्वरदेखि टेकुसम्मको वागमती किनारालाई श्री हुतराम बैद्य स्मृति पैदलमार्गको रुपमा विकास गरिनेछ । साथै पचली कालोपुलदेखि टेकु दोभानसम्मको नदी किनारालाई श्री भगवानदास मानन्धर स्मृति स्थलको रुपमा विकास गरिनेछ ।

१३८. थापाथली पुलदेखि शंखमूलसम्मको नदी किनारालाई हरियाली तथा खुला क्षेत्रको रुपमा विकास गरिनेछ ।

१३९. काठमाडौं महानगरभित्रका अमूर्त सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष योगदान गर्नुभएका विभिन्न परम्परागत बाजाहरु सिकाउने गुरुहरुको योगदानको कदर गर्दै विशेष सुविधा सहित सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै समुदायमा आधारित सामाजिक गुम्बाको सञ्चालन गरी सत्मार्गमा लाग्न जनमानसलाई प्रेरित गर्ने प्रमुख लामाहरुलाई समेत सम्मान गरिनेछ ।

१४०. प्रसिद्ध गायिका तारादेवीको स्मृतिमा स्थापित तारादेवी प्रतिष्ठानको अक्षयकोष बृद्धि गरिनेछ ।

१४१. काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको बालाजु बाईसधारा उद्यानको गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१४२. काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरु स्वयम्भु र बौद्धको व्यवस्थापन काठमाडौं महानगरपालिका अन्तर्गत ल्याउन पहल गरिनेछ ।

१४३. हनुमानढोका परिसर तथा कोत क्षेत्रको गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१४४. ललितपुर महानगरपालिका तथा गोदावरी नगरपालिकाको सहकार्यमा “नयाँ ललितपत्तनम्” नामको 'Arts and Craft City' निर्माण प्रक्रिया शुरु गरिनेछ ।

१४५. मौलिक बस्तीमा सम्पदा भवनहरुको संरक्षण तथा निर्माणको लागि मापदण्ड तयार गरी सोको आधारमा अनुदान तथा छुट दिने नीति लिइनेछ ।

१४६. भद्रकाली मन्दिर र महाँकाल मन्दिर परिसरको विकास, मर्मत सम्भार तथा जीर्णोद्वार गरिनेछ ।

**(च) <u>युवा तथा खेलकुद नीति</u> : “युवाको जाँगर, समृद्ध महानगर”** अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अबलम्बन गरिनेछ । यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

**कार्यनीति :**

१४७. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरुको परिचालनमा विशेष प्राथमिकता दिइनेछ ।

१४८. खेलकूदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न महानगर क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब, रंगशाला/कबर्डहल तथा बहुउद्देश्यीय खेल मैदानको विकास र विस्तार गरिनेछ ।

१४९. युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५०. युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा **युवासँग मेयर** कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. अन्तर नगरपालिका खेलकुद प्रतियोगिताको आयोजना गरी खेलकुद मार्फत् नगरपालिकाहरुबीचको संस्थागत सम्बन्ध र समन्वयलाई प्रगाढ बनाइनेछ ।

१५२. खेलकुद विकासको लागि सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

**(छ) सामाजिक विकास, सुरक्षा तथा संरक्षण नीति : सामाजिक सुरक्षा नै मानव विकासको आधार** भन्ने नीति लिइनेछ ।

**कार्यनीति**

१५३. काठमाडौं महानगरपालिकाभित्रका क्रमश ७५ र ८० वर्ष उमेर पुगेका महिला र पुरुष वरिष्ठ ज्येष्ठ नागरिकलाई बार्षिक रु. १२ हजार महानगर बिशेष भत्ता उपलब्ध गराउदै आएकोमा यस बर्षदेखि २०७७ फागुन मसान्तसम्म ७५ बर्ष पुगेका महिला र पुरुष वरिष्ठ ज्येष्ठ नागरिकलाई सो भत्ता उपलब्ध गराउने नीति लिइनेछ ।

१५४. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुलाई नगरको विकासमा आवश्यकता अनुसार परिचालन गरिनेछ ।

१५५. Mayor Research Fellowship कार्यक्रम अन्तर्गत विभिन्न विश्वविद्यालय, कलेज, अध्ययन संस्थान आदिसँग सहकार्य गरी कार्यविधिको आधारमा विद्यार्थीहरुलाई इन्टर्नसीप/फेलोसीप प्रदान गरिनेछ । सो कार्यक्रमवाट प्राप्त प्रतिवेदन तथा शोधपत्रहरुको प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

१५६. समुदायमा आधारित कार्यक्रमलाई प्रभावकारी एवं परिणाममूखी बनाउन अनुभवी, निवृत्त, ज्येष्ठ नागरिकहरु समेतको संलग्नतामा सिल्भर भोलेन्टियर (स्वयंसेवक) हरुलाई शिक्षा, स्वास्थ्य तथा समुदायमा आधारित विभिन्न काममा परिचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

## ३. शहरी पूर्वाधार तथा योजना विकास :

**(क) शहरी पूर्वाधार विकास नीति :** संघीय राजधानीको रुपमा रहेको काठमाडौं शहरको साँस्कृतिक पक्ष समेतलाई ध्यानमा राखी आधुनिक पूर्वाधारयुक्त संरचनाको विकास तथा विस्तार गर्ने नीति लिइनेछ ।

**कार्यनीति :**

१५७. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका सहायक सडकहरुलाई कालोपत्र, ढुंगा/ईट्टा/ब्लक छाप्ने तथा ढलान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१५८. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग पूर्वाधार निर्माण तथा व्यबस्थापनमा आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१५९. महानगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गा अतिक्रमण गरी बनाइएका संरचनाहरु हटाई सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुमा बालमैत्री उद्यान, योगपार्क तथा ज्येष्ठ नागरिकमैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१६०. मेयर उज्यालो कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ । मुख्य चोकहरुमा हाइमास्ट बत्ती जडान गरिनेछ ।

१६१. काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका बागमती, विष्णुमती, धोबीखोला र मनोहरा नदीमा आवश्यकता अनुसार मानिसहरु आवत जावत गर्न मिल्ने पुल तथा बेलीब्रिजहरुको क्रमिक रुपमा निर्माण गरिनेछ ।

१६२. नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सहकार्यमा काठमाडौं महानगर क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टिभि, ईन्टरनेट लगायतका तारहरुलाई भुमिगत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१६३. शहरी यातायात व्यवस्थापन, हरियाली प्रबर्द्धन तथा नदी किनारको एकिकृत बिकास गर्न बागमती, बिष्णुमती, मनोहरा, दानगाः खुशी (बल्खु खोला), करः खुशी, महादेव खोला, रुद्रमती (धोबीखोला), ईच्छुमती (टुकुचा), सामाखुशी (खोला), इन्द्रावती खोला, चखुँचा खोला लगायतका नदी किनारहरुमा तटबन्ध तथा सडक निर्माण (कोरिडर विकास) कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६४. रानीपोखरी र शंखधर पार्क समेटी एकिकृत पार्क विकास गरिनेछ । शंखधर पार्क क्षेत्रमा हरियाली कायम गरी अत्याधुनिक Observatory Deck निर्माण गरिनेछ ।

१६५. न्युरोड क्षेत्रको एकिकृत बिकास तथा सौन्दर्यीकरण गरिनेछ । काठमाडौ महानगर प्रवेश गर्ने स्थानहरुमा कलात्मक स्वागतद्वार वा स्तम्भहरु निर्माण गरिनेछ । त्यसैगरि मल्लकालिन काठमाडौ नगर प्रवेशद्वार (ध्वाखा) हरुको पहिचान गरी नयाँ निर्माण, जिर्णोद्वार वा अवशेषको संरक्षण गर्ने कार्य गरिनेछ ।

१६६. महानगरको स्वामित्वमा रहेको टेकुस्थित जग्गामा महानगरपालिकाको कार्यालय भवन यसै आर्थिक बर्षमा निर्माण कार्य शुरु गरिनेछ ।

१६७. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला संघसंस्था एवं ब्यक्तिहरुको सहयोग र समन्वयमा का.म.पा. ३२ तिनकुनेमा आधुनिक बुद्धपार्क निर्माण कार्य शुरु गरिनेछ ।

१६८. स्थानीय मौलिकता झल्कने गरी घरको नयाँ निर्माण गर्न वा मोहडा परिवर्तन गर्न चाहनेहरुलाई आवश्यक मापदण्ड तयार गरी अनुदानको ब्यबस्था गर्ने कार्य शुरु गरिनेछ। हनुमानढोकादेखि स्वयम्भू जोड्ने सम्पदा मार्ग तथा सवारी साधनमुक्त क्षेत्रमा परेका पुराना वस्तीका निजी भवनलाई व्यावसायिक आर्ट ग्यालरी, कफी सप, पुस्तक पसल, होमस्टे वा पर्यटनसँग सम्बन्धित व्यवसाय गर्ने उद्देश्यले परम्परागत शैलीमा पूरै भवन पुनर्निर्माण वा जीर्णोद्वार गर्न चाहने घरधनीहरुलाई कार्यविधिको आधारमा थप सहुलियत कर्जाको प्रबन्ध गरिनेछ ।

१६९. नेपाल सरकार, प्रदेश सरकार समेतको सहयोग एवं समन्वयमा **बहुउद्देश्यीय अत्याधुनिक मेगा हल/ सभा गृह** निर्माण गर्न यसै वर्ष डिपिआर तयार गरिनेछ ।

**(ख) <u>शहरी यातायात ब्यबस्थापन नीति</u> :** सार्वजनिक यातायात प्रणालीलाई सर्वसुलभ बनाई ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिबृद्धि गरिनेछ ।

**कार्यनीति :**

१७०. काठमाडौं उपत्यकाभित्र आउने सवारी साधनबाट हुने धुलो प्रदुषणलाई नियन्त्रण गर्नका लागि उपत्यका छिर्ने नाकाहरुमा सम्वन्धित स्थानीय तहसँग समन्वय गरी आधुनिक Vehicle Cleaning Center निर्माण गर्न विस्तृत अध्ययन गरिनेछ ।

१७१. साझा यातायात सहकारी संस्थासँगको सहकार्यलाई निरन्तरता दिईनेछ । सार्वजनिक यातायातका ठूला सवारी साधनहरुलाई प्रोत्साहित गरिनेछ ।

१७२. काठमाडौं उपत्यकाको शहरी यातायात व्यवस्थापनलाई सुव्यवस्थित गर्न e-BRT तथा मेट्रो रेलको सम्भाव्यता अध्ययन यसै वर्ष सुरु गरिनेछ ।

१७३. सार्वजनिक यातायात प्रणालीलाई सर्वसुलभ र प्रभावकारी बनाउन काठमाडौं दिगो शहरी यातायात आयोजना, जाइका तथा सडक विभागबाट तयार गरिएको प्रतिवेदनहरुलाई आधार मानी उपत्यकाको दिगो यातायात ब्यबस्थापनमा काठमाडौं महानगरपालिकाले अगुवाई लिनेछ ।

१७४. संभाव्य स्थानहरुमा साइकल लेन बनाइनेछ । निश्चित स्थानहरुलाई सवारी साधनमुक्त क्षेत्र बनाइनेछन् ।

१७५. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका प्रमुख चोकहरुमा आधुनिक सिग्नलाईज्ड प्रणालीमा आधारित ट्राफिक लाईटहरु जडान गरी ट्राफिक व्यवस्थापनलाई थप सहज र व्यवस्थित बनाईनेछ ।

१७६. काठमाडौंको स्वच्छता र महानगरवासीको जनस्वास्थ्यलाई ध्यानमा राखी बिद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ । शहरको सुन्दरता कायम राख्न सवारी साधन सरसफाई एवं रंग रोगन (Denting and Painting) गरेर मात्र प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

१७७. काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायातलाई सुरक्षित र भरपर्दो बनाउन सडक सुरक्षासंग सम्बन्धित पाँच रणनैतिक स्तम्भहरु (सडक सुरक्षा व्यबस्थापन, सुरक्षित सडक तथा गतिशिलता, सुरक्षित सवारी बाहन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चातको प्रतिकार्य र कार्यवाही) मा आधारित मापदण्ड तयार गरी लागु गरिनेछ ।

१७८. महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका पुराना तथा साना सार्वजनिक सवारी साधनहरुलाई क्रमशः हटाउने र ठुला सार्वजनिक सवारी साधनको सञ्चालनलाई प्रवर्द्धन गरिने नीति लिइनेछ ।

**(ग) शहरी आवागमन नीति** : शहरी आवागमनमा भौतिक दुरी कायम गरी महामारी जस्ता विपद्लाई सामना गर्न महानगर नागरिक आचार संहिता तयार गरी लागु गर्ने नीति लिईनेछ ।

**कार्यनीति**

१७९. कोभिड १९ को प्रभाव लामो समयसम्म रहनसक्ने अनुमानलाई ध्यानमा राखी आम नागरिकको दैनिक आवागमनमा भौतिक दूरी कायम राखी सहजता प्रदान गर्न मुख्य सडक, बजार तथा चोकहरुमा फुटपाथ ब्यबस्थित तथा चौडा गर्ने नीति लिइनेछ । वडा कार्यालयको सक्रियता तथा स्थानीय प्रशासनको सहकार्यमा फुटपाथ अतिक्रमण गर्ने कार्यलाई कडाईका साथ नियन्त्रण गरिनेछ ।

१८०. भौतिक दूरी कायम राखी यात्रा गर्न सबैभन्दा सरल र कम खर्चिलो यातायातको साधन साइकल भएको हुँदा महानगरवासीलाई साइकल प्रयोग गर्न प्रोत्साहन गरिनेछ । महानगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई साइकल खरिदमा अनुदान दिने नीति लिईनेछ ।

१८१. महानगरको आफ्नै स्वामित्वमा रहेको टेकुको जग्गामा र लैनचौरमा रहेको सार्वजनिक जग्गामा आधुनिक भर्टिकल पार्किङ्ग भवन निर्माण कार्य यसै वर्ष शुरु गरिनेछ । महानगरले हाल लागु गरेको स्मार्ट पार्किङ्गलाई थप क्षेत्रमा समेत विस्तार गरिनेछ ।

१८२. थापाथलीदेखि बाँसबारीसम्मको बाटोमा Tactical Urbanism को अवधारणा अनुरुप गाडी लेन, बस स्टप, साईकल लेन तथा फुटपाथ ब्यबस्थित गर्ने कार्य यसै आ.व.मा शुरु गरिनेछ ।

१८३. ठमेलको वर्तमान सवारी साधनमुक्त क्षेत्रको सामाजिक, आर्थिक प्रभाव मूल्यांङ्कन गरी यसलाई थप प्रभावकारी बनाउनुको साथै क्षेत्र विस्तार गरिनेछ ।

१८४. रानीपोखरी र खुलामञ्च बीच तथा तिलगङ्गाबाट पशुपति क्षेत्र जोड्ने अण्डरपास, सोह्रखुट्टे - खुशिबुँ - नयाँबजार चोक, मित्रपार्क चोक, चाबहिल बौद्ध खण्डमा आकाशेपुल, त्रिपुरेश्वरबाट सानेपा जोड्ने नयाँपुलदेखि टेकु कालिमाटीसम्म बागमती किनारामा फ्लाईओभर तथा अन्य संभाब्य स्थानहरुमा फ्लाईओभर, अण्डरपास तथा पूर्वाधारको संभाव्यता अध्ययन, डिजाइन तथा निर्माण गर्न सम्बन्धित संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

**(घ) <u>सूचना तथा संचार नीति :</u>** काठमाडौं महानगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्न आवश्यक पूर्वाधारको तयारी गर्ने नीति लिइनेछ । नेपाल सरकारले अंङ्गिकार गरेको स्मार्ट सिटीका चार आधार स्तम्भहरु, **स्मार्ट नगरवासी, स्मार्ट अर्थतन्त्र, स्मार्ट पूर्वाधार र स्मार्ट शासन**का सूचकहरुलाई अवलम्वन गरी सोही अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**कार्यनीति :**

१८५. काठमाडौं महानगरपालिकाका विभिन्न स्थानहरुमा निःशुल्क WiFi सेवा प्रवाह गरी आएकोमा यस सेवालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१८६. काठमाडौं महानगरपालिकाबाट सञ्चालित Metro FM लाई सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन गरी प्रतिस्पर्धी तथा प्रभावकारी बनाइनेछ । अन्य स्थानीय तहहरुसँगको सहकार्यमा Metro Television स्थापना गरी सञ्चालनमा ल्याउने नीति लिईनेछ ।

१८७. महानगरलाई स्मार्ट सहरको रुपमा विकास गर्न KMC ICT गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१८८. विद्युतीय भुक्तानी प्रणालीलाई महानगरपालिकाको सेवासँग आवद्ध गर्न सम्बन्धित निकायहरुको सहकार्यमा **महानगर स्मार्ट कार्ड** प्रयोगमा ल्याईनेछ ।

**(ङ) <u>शहरी विकास तथा भवन मापदण्ड नीति :</u>** काठमाडौं महानगरलाई दिगो, सुरक्षित र ब्यबस्थित शहरका रुपमा विकास गरिनेछ ।

**कार्यनीति :**

१८९. काठमाडौं महानगर क्षेत्रभित्रका भवनहरुको सबलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भबन निर्माण सम्वन्धी मापदण्डमा समयानुकुल संशोधन गरि कार्यान्वयनमा ल्याईनेछ ।

१९०. हाल सञ्चालनमा रहेको मनोहरा जग्गा एकीकरण आयोजना अन्तर्गतको काठमाडौं महानगरपालिका क्षेत्रमा हुने भवन निर्माणलाई व्यवस्थित गर्न विशेष नीति र मापदण्ड जारी गरी सो क्षेत्रलाई नमुना वस्तीको रुपमा विकास गरिनेछ ।

१९१. काठमाडौंको भित्री सहरमा रहेका पुराना भवनहरुको जोखिमलाई न्यूनीकरण गर्न त्यस्ता भवनहरुको स्थानमा सुविधा सम्पन्न एकीकृत वस्ती विकास गर्ने नीति लिइनेछ । स्थानीय घरधनीहरुको सहमति र प्रत्यक्ष सहभागितामा र नेपाल सरकारका सम्बद्ध निकायहरुको आवश्यक सहयोग तथा समन्वयमा

नमुना आवास क्षेत्रको विकास गर्ने कार्य काठमाडौ महानगरपालिका १८ वडा अन्तर्गतको किलांक्व दम्बोचुकबाट सुरु गरिनेछ ।

१९२. अव्यवस्थित वसोवासको समस्यालाई संवोधन गर्न उपयुक्त संयन्त्रको विकास गरी कार्य थालनी गरिनेछ ।

१९३. सुरक्षित भवन निर्माण गर्न महानगरवासिलाई प्रोत्साहित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी जग्गाधनीहरुको सहमतिमा एउटै आवासीय भवन निर्माण गर्ने गरी नक्सा पेश गरेमा नक्सापास दस्तुरमा ९० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ ।

१९४. उर्जा प्रभावकारी भवन (Energy Efficient Building) बारे जनचेतना अभिबृद्धि गर्न संभाव्य देखिएका वडा कार्यालय तथा सार्वजनिक भवनहरुलाई उर्जामैत्री बनाउने कार्यको थालनी गरिनेछ । त्यस्ता भवनहरुको निर्माण सम्पन्न दस्तुरमा छुट दिने नीति लिइनेछ ।

१९५. काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त घर सुरक्षित बनाउन प्रोत्साहन गरिनेछ । यसका लागि महानगरपालिकाले प्राविधिक तथा वित्तिय सहयोग उपलब्ध गराउनेछ ।

१९६. महानगरपालिकाबाट स्वीकृत भएको नक्साको डिजिटाईजेशन गर्नुका साथै नक्शा पास गर्दा डिजिटल प्रविधिको पूर्ण प्रयोग यसै बर्षदेखि गरिनेछ । घरनक्शा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**५. <u>वातावरण तथा फोहोरमैला ब्यबस्थापन नीति</u> : "स्वच्छ हावा, स्वस्थ जीवन"** लाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, हरियाली प्रबर्द्धन, फोहरमैला व्यवस्थापन, आकासे पानी र फोहोर पानी व्यवस्थापन, फोहोरमैलाको अन्तिम ब्यबस्थापनमा प्रभावकारिता हासिल गर्न तथा आधुनिक प्रविधिको उपयोग गर्नका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(क) <u>फोहोरमैला ब्यबस्थापन कार्यनीति</u> :**

१९७. स्रोतमै फोहर छुट्याएर संकलन गर्ने प्रणाली लागु गरिनेछ । घरबाट उत्सर्जित जैविक फोहोरलाई कम्पोष्ट मल बनाई स्वव्यबस्थापन गर्न प्रेरित गरिनेछ ।

१९८. फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्था आदिको सञ्जाल निर्माण गरी यसलाई प्रोत्साहन दिइनेछ ।

१९९. संकलन गरिएका फोहोरबाट उर्जा उत्पादन गर्ने अत्याधुनिक प्रविधि सञ्चालन गर्न आवश्यक कार्य गरिनेछ ।

२००. फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि काठमाडौं महानगरपालिकाको नेतृत्वमा उपत्यकाका नगरपालिकाको सहभागितामा सामूहिक रुपमा फोहोर व्यवस्थापन कोष स्थापना गरी सो कोषबाट उपत्यकाको फोहारमैला तथा ल्याण्डफिल्ड साईट व्यवस्थापन सम्बन्धी कार्यमा खर्च गर्ने संस्थागत व्यवस्था मिलाईनेछ ।

**(ख) <u>प्रदुषण नियन्त्रण कार्यनीति :</u>**

२०१. ब्रुमरले उठाएको धुलोलाई प्रशोधन गरी निर्माण कार्यमा उपयोग गरिनेछ ।

२०२. ठूला उद्योग वा व्यवसायबाट निस्कने फोहोर पानीलाई प्रशोधन गर्न Effluent Treatment Plant अनिवार्य राख्नुपर्ने नियम लागु गरिनेछ ।

२०३. काठमाडौं महानगरलाई प्लाष्टिक झोलामुक्त शहरको रुपमा विकास गर्न समूहहरु परिचालन गरी कपडाको झोला तयारी तथा बिक्रि वितरण गर्न प्रोत्साहन गरिनेछ ।

**(ग) <u>हरियाली प्रबर्द्धन कार्यनीति :</u>**

२०४. काठमाडौं महानगरपालिकाभित्रका मुख्य सडकहरुमा अर्नामेन्टल प्लाण्ट लगाइ शहरी हरियाली एवम् सौन्दर्य अभिबृद्धि गरिनेछ । खुला क्षेत्र, सरकारी तथा गैर सरकारी संघसंस्था, विद्यालय, विश्वविद्यालयको कार्यालय परिसर, नदी किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदी उकासका स्थलहरुमा विभिन्न प्रजातिका फलफूलका बिरुवाहरु रोपी Green City प्रवर्द्धन गरिनेछ ।

२०५. एक घर दुई रुख/बिरुवा कार्यक्रमलाई अभियानका रुपमा निरन्तरता दिइनेछ । Vertical Garden को अवधारणालाई अघि बढाइनेछ ।

२०६. काठमाडौं महानगरपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन मूल सडक र सहायक सडक मोहडामा अवस्थित भवन तथा भौतिक संरचना, कम्पाउण्डवाल समेतमा तोकिए बमोजिम रंगरोगन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ । सार्वजनिक भवनहरुको कम्पाउण्डवाल मापदण्ड अनुकूल बनाइनेछ ।

२०७. कोभिड १९ को सक्रमण फैलिन नदिन गरिएको लकडाउनका कारण काठमाडौं उपत्यकाको वातावरणमा ल्याएको सकारात्मक परिवर्तनबाट पाठ सिक्दै महिनाको एक दिन Vehicle Free Day घोषणा गरी रिङ्गरोडभित्र निजी सवारी साधनको प्रयोगलाई न्यूनीकरण गरिनेछ । यस दिनमा केवल पैदलयात्रा, साइकल लगायतका सवारीलाई प्रोत्साहन गरिनेछ ।

**(घ) <u>जलवायु परिवर्तन अनुकूलन नीति :</u>** जलवायु परिवर्तनबाट हुनसक्ने प्रतिकूलताको सामना गर्न काठमाडौं उपत्यकालाई Green तथा Energy Efficient City का रुपमा रुपान्तरण गर्न उपत्यकाका नगरपालिकाहरु सँग सहकार्य गरी कार्य गर्ने नीति लिईनेछ ।

**कार्यनीति :**

२०८. आगामी आर्थिक बर्षमा काठमाडौंको शहरी पारिस्थितिकीय प्रणाली तथा जैविक विविधता (Urban Ecosystem and Biodiversity) सम्बन्धमा बृहद छलफल तथा अध्ययन गरी दिर्घकालिन रणनीति तयार गरिनेछ ।

२०९. खुल्ला स्थान, हरियाली व्यवस्थापन र उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकीकृत कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

२१०. काठमाडौं महानगरपालिकाभित्रका सम्भाब्य स्थानहरुको पहिचान गरि सीमसार क्षेत्रको विकास गरिनेछ ।

**(ङ) <u>विपद ब्यबस्थापन नीति :</u>** काठमाडौं महानगरपालिकाका पुर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई पालना गरिनेछ ।

**कार्यनीति** :

२११. महानगरपालिकाको चारै दिशाहरुमा अग्नि नियन्त्रण एकाईको स्थापना गरिने नीति अनुरुप यस आर्थिक बर्षमा कोटेश्वर, कलंकी र महाराजगञ्जमा अग्नि नियन्त्रण एकाईको स्थापना गरिनेछ। विपद व्यवस्थापनका लागि आवश्यक जनशक्ति तथा उपकरणहरुको व्यवस्था मिलाइनेछ।

२१२. वसन्तपुरस्थित जुद्धबारुण यन्त्र भवन जीर्ण भएकोले सग्रहालय सहितको भवन पुनर्निर्माण गरिनेछ।

२१३. दमकल जान नसक्ने स्थानहरुमा आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण गर्न सक्ने गरी Fire Hydrant/ Portable Pump को व्यवस्था गर्ने नीति लिइनेछ । विपद व्यवस्थापनको लागि सामुदायिक स्तरमा बर्षात्को पानी संकलन टैंकी निर्माण कार्यलाई थप विस्तार गरिनेछ।

२१४. सर्वसाधारणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि जोखिमयुक्त अवस्थामा रहेका पेट्रोल पम्प तथा ग्यास डिपोहरुलाई हटाउने नीति लिइनेछ।

२१५. भूकम्प, बाढी, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सम्पत्ति कर छुट दिइनेछ। त्यस्तो छुट सुविधा लिएका घरहरुबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागु गरिनेछ।

२१६. विपद ब्यबस्थापनलाई प्रभावकारी कार्यान्वयन गर्न महानगरमा सुविधा सम्पन्न कन्ट्रोल सेन्टर तथा विपद ब्यबस्थापन सेल स्थापना गरिनेछ।

२१७. काठमाडौ उपत्यकाको जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Land Use Plan) पुनरावलोकन गरिनेछ।

२१८. उपत्यकाको विपद ब्यबस्थापन कार्यमूलक योजना तयार गर्न नेपाल विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन प्राधिकरणसँग समन्वय तथा सहकार्य गरिनेछ।

२१९. विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

## ५. संस्थागत विकास र सुशासन नीति :

**(क) संस्थागत तथा मानव संशाधन विकास नीति :** संवैधानिक अधिकार कार्यान्वयन गर्न विभिन्न विषयगत कानुन र आवश्यक प्रशासनिक संयन्त्रका लागि संगठन विकास कार्यकम लागु गरिनेछ।

**कार्यनीति :**

२२०. काठमाडौं महानगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ। कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै कार्यसम्पादन स्तर र कार्यदक्षतालाई आधार लिई सरुवा र वढुवा गर्ने नीति लिईनेछ।

२२१. कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ । कर्मचारीको सरुवालाई अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाईनेछ।

२२२. काठमाडौ महानगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कम्तिमा अधिकृतस्तरका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली (Result based Evaluation System) अवलम्वन गरिनेछ ।

२२३. महानगरपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्नका लागि विशिष्टीकृत कानूनका रुपमा कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरु उल्लेख गरी काठमाडौं महानगरपालिका सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२२४. महानगरपालिकामा ई-गभर्नेन्स प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरुको निर्माण एवं सो को प्रभावकारी सञ्चालन गरिनेछ ।

२२५. आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न नीति तथा बजेट पारित भएको मितिले पन्ध्र दिनभित्र सबै विभागीय प्रमुखले आफ्नो विभागसँग सम्वन्धित नीति तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गरी पेश गर्नु पर्ने नीति लिईनेछ । कार्ययोजना कार्यान्वयन भएको आधारमा प्रत्येक विभागीय प्रमुख/महाशाखा प्रमुखहरुको मूल्यांकन हुनेछ ।

२२६. महानगरको सामाजिक, आर्थिक, भौतिक विकास, मूर्त अमूर्त सम्पदा संरक्षण, वातावरणीय सुधार, शहरी सुशासनको विषयमा लामो अध्ययन, अनुसन्धान वा कार्य गरी महानगरमा विशिष्ट योगदान दिने व्यक्ति वा संस्थालाई प्रत्येक बर्ष महानगर दिवसको दिन सम्मानपत्र र नगद सहित मेयर अवार्ड प्रदान गरिनेछ ।

२२७. महानगरका प्रत्येक वडाबाट भएको विकास निर्माण, सेवा प्रवाह, राजस्व संकलन समेतका आधारमा उत्कृष्ट वडालाई पुरस्कार प्रदान गरिनेछ ।

२२८. नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ । प्रत्येक वर्ष ज्येष्ठ नागरिक सम्मानका अभियन्ता पूर्व प्रधानमन्त्री तथा तत्कालिन नेकपा (एमाले) का अध्यक्ष स्वर्गीय मनमोहन अधिकारीको स्मृतिमा **"मनमोहन ज्येष्ठ नागरिक सम्मान कार्यक्रम"** लाई निरन्तरता दिईनेछ ।

२२९. नेपाली काँग्रेसका सर्वोच्च नेता स्वर्गीय गणेशमान सिंहले प्रजातन्त्र प्राप्तिको निमित्त गर्नुभएको योगदानलाई चीरस्थायी बनाउन प्रजातन्त्र प्राप्तिको आन्दोलनमा समर्पित व्यक्तित्वहरुलाई महानगरपालिकाले **"गणेशमान सिंह प्रजातन्त्र सेनानी सम्मान"** बाट विभुषित गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३०. स्थानीय स्वशासन प्रबर्द्धन गर्ने कार्यमा काठमाडौं महानगरमा महत्वपूर्ण योगदान गर्ने एक महिला तथा एक पुरुष स्थानीय जनप्रतिनिधी तथा कर्मचारीलाई प्रथम जननिर्वाचित नगर प्रमुख स्वर्गीय **श्री जनकमान श्रेष्ठ स्वशासन पुरस्कार** प्रदान गरिनेछ ।

२३१. स्थानीय सरकारमा महिला जनप्रतिनिधी भई उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गर्ने स्थानीय सरकारका महिला जनप्रतिनिधीहरुमध्येबाट बर्षेनी एकजनालाई प्रथम स्थानीय प्रतिनिधि महिला **साधना प्रधान (अधिकारी) सम्मान** प्रदान गरिनेछ ।

**(ख) <u>सुशासन तथा सुरक्षा कार्यनीति</u> :**

२३२. काठमाडौं महानगरपालिकाबाट प्रवाह गर्ने सेवालाई अझ बढी जनउत्तरदायी, पारदर्शी र जवाफदेही बनाउनका लागि अनियमितता र भ्रष्टाचारमा शून्य सहनसिलताको नीति कडाईका साथ लागु गरिनेछ ।

२३३. सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेस्क र विद्युतीय नागरिक वडापत्रको व्यवस्था थप प्रभावकारी बनाईनेछ ।

२३४. काठमाडौं महानगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ ।

२३५. सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विवादको समाधान वडास्तरमा गर्न **मेलमिलाप शिविर** सञ्चालन गरिनेछ । विभिन्न कारणले बषौंसम्म घर नामसारी हुन नसकेका घरधनीहरुको समस्या निराकरण गर्नेतर्फ ठोस कदम चालिनेछ ।

२३६. महानगरबाट हुने न्यायिक कामकारवाहीलाई प्रबिधिसँग आबद्ध गरी अनलाइन प्रक्रियामार्फत विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ । विद्यमान मिसिलहरुलाई डिजिटलाइज गरिनेछ। महानगरका ऐन, कार्यविधिहरु समेटी एकिकृत कानुन किताब प्रकाशन गरिनेछ ।

२३७. नेपालको संविधानले अंगिकार गरे बमोजिम आधारभूत मानब अधिकारका मूल्य मान्यताहरुलाई आत्मसात गर्दै काठमाडौं महानगरपालिकालाई मानवीयताको नगरको रुपमा विकास गर्न मानव अधिकार प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३८. शहरका मुख्य चोकहरु तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा थप सीसीटिभी क्यामरा जडान गरिनेछ । Digital Urban Security System को अवधारणा कार्यान्वयन गर्न नेपाल प्रहरीसँग साझेदारी गरिनेछ ।

२३९. शहरी सुरक्षा कायम गर्न र शहरी सेवा वितरणमा प्रभावकारिता हासिल गर्न स्थानीय प्रशासनसँगको सहकार्यमा महानगरपालिकामा अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिको समेत लगत अद्यावधिक गर्न घरधनीले घर वहालमा दिँदा अनिवार्य रुपमा वहाल सम्झौता गरी वहालमा बस्ने व्यक्ति एवं निजको परिवारको विवरण समेत काठमाडौं महानगरपालिका कार्यालयमा पेश गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।

२४०. शहरी सुव्यबस्था कायम गर्न तथा प्रदुषण नियन्त्रणलाई टेवा पुऱ्याउन काठमाडौं महानगरपालिकाको चक्रपथ क्षेत्रभित्र रहेका निर्माण सामाग्रीको डिपो र सवारीसाधन मर्मत वर्कशपहरुलाई क्रमिकरुपमा हटाउने नीति लिइनेछ ।

२४१. मापदण्डले तोके बमोजिम सम्पत्ति कर तिरेको घरको वीमा गर्ने नीति लिइनेछ ।

२४२. नागरिकको सुरक्षालाई थप प्रभावकारी बनाउँन महानगरीय प्रहरीको क्षमता विकास र परिचालन गर्नुका साथै नेपाल सरकारको सुरक्षा निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

**(ग) राजश्व परिचालन तथा वित्तिय ब्यबस्थापन नीति** : काठमाडौं महानगरपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण,

करका दायरा बिस्तार, करको दर पुनरावलोकन, करको क्षेत्र विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

**कार्यनीति :**

२४३. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइनेछ । करदाताको सहजताको लागि वैकल्पिक सेवा केन्द्रहरु सञ्चालनमा ल्याइनेछ । कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागु गर्न विशेष अनुगमन टोलि गठन गरी परिचालन गरिनेछ ।

२४४. काठमाडौं महानगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्याबधिक गरिनेछ ।

२४५. शहरको सौन्दर्य र सुरक्षामा आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्यलाई पूर्णतः निषेध गर्ने नीति अवलम्बन गरिनेछ । विज्ञापन व्यवसायलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

२४६. आ.व.२०७७/०७८ लाई करदाताहरुको अभिलेखन वर्ष घोषणा गरि बैज्ञानिक र एकिकृत करदाता अभिलेख तयार गर्न आवश्यकतानुसार व्यवस्थापनमा स्नातक/स्नातकोत्तर अध्ययनरत जनशक्ति परिचालन गरिनेछ ।

२४७. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२४८. श्रोत परिचालनका लागि अन्य नगरपालिका तथा सार्वजनिक निकायहरुसँग सहकार्य गरी सामुहिक प्रयासको संस्थागत थालनी गरिनेछ ।

२४९. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई थप वस्तुगत र वैज्ञानिक बनाई लागु गरिनेछ ।

२५०. महानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, ब्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ। कर, दस्तुर, शुल्क तथा महसुल असुली कार्यमा तेश्रो पक्ष परिचालन गर्ने नीति लिईनेछ ।

२५१. काठमाडौं महानगरपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिङ्ग तथा विद्युतीय प्रणालीबाट गर्न प्रोत्साहन गरिनेछ ।

२५२. महानगरको कर संकलन लगायत पूर्वाधार, वातावरण, सामाजिक सेवा सम्बन्धी विभिन्न कार्यका लागि तत्काल आवश्यक पर्ने जनशक्ति प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।

२५३. कोभिड १९ को महामारीबाट प्रभावित करदाताहरुलाई उचित छुट सहुलियत दिने नीति लिईनेछ ।

**(घ) अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार नीति :** अन्तर्राष्ट्रिय शहरहरुसँगको सम्बन्ध वैदेशिक लगानी आकर्षण, भगिनी सम्बन्ध विस्तार र अनुभव आदान प्रदानमा केन्द्रित रहने नीति लिईनेछ ।

**कार्यनीति :**

२५४. काठमाडौं महानगरको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरिनेछ । यसका लागि विभिन्न सहरहरुसँगको भगिनी सम्वन्ध विस्तार गर्दै लगिनेछ ।

२५५. महानगरपालिकाको आयोजना/परियोजना बैंक बनाई प्राथमिकता प्राप्त क्षेत्रमा वैदेशिक सहयोग परिचालन गर्ने नीति लिइनेछ । वैदेशिक सहयोग परिचालन गर्दा पर्यटन प्रवर्द्धन गर्दै, आय वढाउने, रोजगारी सृजना गर्ने, वातावरण संरक्षण गर्ने र महानगरपालिकाको प्राथमिकतामा परेका आयोजना कार्यान्वयनमा जोड दिईनेछ ।

२५६. विदेशी नगर तथा भगिनी सम्वन्ध भएका सहरहरुसँग जनस्तरमा समेत असल अभ्यास आदानप्रदान गर्ने तथा साझेदारीमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५७. काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालन हुने विभिन्न जात्रा पर्वलाई अन्तर्राष्ट्रियकरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । महानगरको ऐतिहासिक ईन्द्रजात्रालाई विश्वब्यापी गर्नको लागि काठमाडौं महानगरपालिकासँग भगिनी सम्बन्ध तथा सहकार्य भएका सहरहरुका मेयर तथा प्रतिनिधिहरुलाई ईन्द्रजात्राका अवसरमा विशेष आमन्त्रण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

२५८. काठमाडौ उपत्यका नगरपालिका फोरमको आयोजनामा नगर प्रमुखहरुको अन्तर्राष्ट्रिय सम्मेलन गर्न अगुवाई गरिनेछ ।

अन्तमा,

काठमाडौ महानगरलाई वर्तमान महामारीको विषम परिस्थितिसँग जुध्दै विगतको ऐतिहासिक, साँस्कृतिक, समुन्नत बिरासतलाई इतिहास वर्तमान र भविष्यसंग जोड्दै समृद्धितर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट काठमाडौंलाई सफा, सुन्दर, स्वस्थ, सुरक्षित, साँस्कृतिक र जीवन्त सहर बनाउने सन्दर्भमा हाम्रा प्रयत्न अविचलित छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण महानगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै काठमाडौं महानगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, बागमती प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, महानगरका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रबुद्ध वर्गमा हार्दिक अपिल गर्दछौं ।

धन्यवाद ।

विद्या सुन्दर शाक्य

असार ४ विहीबार, २०७७

नेपाल संवत ११४०, तछलागा द्वादशी